नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौं

# प्रेस विज्ञप्ती -२१

## " कागजात कीर्ते गरी अर्काको जग्गा विक्री गर्न खोज्ने व्यक्तिहरु पक्राउ "

जाहेरवाला गीता बुढाथोकी लामो समयदेखि वैदेशिक रोजगारको क्रममा हङकङमा बस्दै आएको । हाल नेपाल आई काठमाडौंमा जग्गा खरिद गर्ने मनसायका साथ जग्गा खोजी रहेको अवस्थामा प्रतिवादीहरु प्रेम खत्री र गुञ्ज सिंह थापा लगायतका व्यक्तिहरुसँग भेट भएको । भेट भए पश्चात प्रतिवादीहरुले एउटा राम्रो र सस्तो जग्गा हाम्रो सम्पर्कमा छ भनी काठमाडौं जिल्ला, साबिक भिमढुङ्गा गा.वि.स. वडा नं. ७ (क) कित्ता नं. १४२, १२८, १२९, १३२ र २९७ को जम्मा क्षेत्रफल १९-१३-१-० मध्ये ९-१४-०-१ (नौ रोपनी चौध आना एक दाम) भएको जग्गा धनी हेलमल्ट भन्ने हालीमाली निजी गुठीको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, कलंकीमा दर्ता श्रेस्ता कायम रहेको जग्गा मोहीले पाउने भाग छुट्याई जग्गाहरु रैकरमा परिणत गरी जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्ने क्रममा रहेको छ भनी पत्र पत्रिकामा प्रकाशित सूचना र उक्त जग्गाहरु बेचबिखन गर्ने सम्बन्धमा मोहीहरु राजेन्द्र गिरी, ठुली माया खत्री, चमेली खत्री, देवी बहादुर खत्री, दिपक बहादुर खत्री र कृष्ण बहादुर गिरीसँग मिति २०७८।०४।०८ गते करारनामा तथा बैना समेत गरेको छ भनी करारनामा तथा बैना कागज देखाएको । उक्त जग्गाको कूल क्षेत्रफल १९-१३-१-० (उन्नाइस रोपनी तेह्र आना एक पैसा मात्र) बाट मोहीयानी हक बापत मोहीहरुले प्राप्त गर्ने आधा जग्गा प्रति आना पाँच लाख रुपैयाँका दरले जग्गा छुट्याई सो जग्गा दिलाई दिन्छौं भनी गीता बुढाथोकीसँग बैनाबट्टाको कागज गरी बैना बापत रु. १,०००,००,००।-(अक्षरुपी एक करोड रुपैयाँ मात्र) बुझी लिएको । प्रतिवादीहरुले उक्त लिखत काठमाडौं जिल्ला, नागार्जुन न.पा., वडा नं. ८ को कार्यालयमा लिखत प्रमाणिकरण दस्तुर समेत बुझाएको रसिद बनाई वडा अध्यक्ष शुक्र बहादुर तामाङको हस्ताक्षर समेत गरी प्रमाणित गराएको । जाहेरवालाले बैनाबट्टा गरी रकम बुझाएको लामो समय बिती सक्दा पनि बैना लिखत बमोजिमको कार्य नगरी विभिन्न बाहान बनाई आलटाल गरे पश्चात आफूलाई शंका लागी वडा कार्यालयमा गई बुझ्दा उक्त लिखत नागार्जुन न.पा., वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष शुक्र बहादुर तामाङले प्रमाणित नगरेको तथ्य जानकारी हुन आएकोले प्रतिवादीहरुले अरुको नाममा दर्ता श्रेष्ता कायम रहेको विभिन्न जग्गाहरुको सम्बन्धमा विभिन्न भ्रमपूर्ण एवं कीर्ते करारनामा तथा बैना कागजातहरु बनाउनुका साथै वडाध्यक्षको दस्तखत समेत कीर्ते गरी आफूलाई ठगेको थाहा पाई जाहेरवाला गीता बुढाथोकीले मिति २०७९/०५/०७ गते यस ब्यूरोमा जाहेरी दरखास्त दिएको । जाहेरी प्राप्त भए पश्चात उक्त कार्यमा संलग्न निम्न ६ जना प्रतिवादिहरुलाई काठमाडौं र तनहुँबाट पक्राउ गरी ठगी तथा लिखत सम्बन्धी कसूरमा अनुसन्धान गर्दै जाँदा प्रतिवादी मध्येका गुञ्ज सिं थापाले आफ्नो नागरिकताको विवरण सच्याई थप घट गरेको खुल्न आए पश्चात नेपाल नागरिकता ऐन अन्तर्गतको मुद्दामा समेत अनुसन्धान प्रक्रिया सम्पन्न गरी अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं मार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरिएको व्यहोरा सूचित गरिन्छ ।

## पक्राउ भएका व्यक्तिहरुको विवरण :

१) **नाम थर:-** प्रेम खत्री
**वतन :-** काठमाडौं जिल्ला, साविक भिमढुङगा गा.वि.स., वडा नं.७ हालको काठमाडौं जिल्ला, नागार्जुन न.पा., वडा नं.८ घर भई काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.७ माकलबारी बस्ने ।
**वर्ष:-** ५५

**पक्राउ मिति:**- २०७९/०५/०७ गते

**भूमिका:**- करारनामा तथा बैना कागजात तयार गर्ने, वडा अध्यक्षको हस्ताक्षर कीर्ते गर्ने ।

उक्त जग्गा मोहीहरुको नाममा रैकरमा परिणत हुन लागेको थाहा पाई मूख्य भूमिका निर्वाह गरेको ।

२) **नाम:**- गुन्ज सीं थापा

**वतन :**- जिल्ला तनहुँ, अरुणोदय गाउँपालिका, वडा नं ०९

**वर्ष:**-४४

**पक्राउ मिति:**- २०७९/०५/१३ गते

**भूमिका:**- करारनामा तथा बैना कागजात तयार गर्ने, वडा अध्यक्षको हस्ताक्षर कीर्ते गर्ने ।

उक्त जग्गा मोहीहरुको नाममा रैकरमा परिणत हुन लागेको थाहा पाई मूख्य भूमिका निर्वाह गरेको ।

३) **नाम:**- शिव भण्डारी

**वतन:**-जि. सिन्धुपाल्चोक, मानेधारा-०१ भई हाल जिल्ला काठमाडौं बुढानिलकण्ठ न.पा. ०२

**वर्ष:**- ६८

**पक्राउ मिति :**- २०७९/०५/२१

**भूमिका:**- कमिशन बापतको रकम लिएको ।

४) **नाम:**- हरि श्रेष्ठ

**वतन:**-जि. तनहुँ, शुक्लागण्डकी न.पा.-१, बाह्रबिसे

**वर्ष:**- ३५

**पक्राउ मिति :**- २०७९/०५/२१

**भूमिका:**- कमिशन बापतको रकम लिएको ।

५) **नाम:**- कुमार मान्नधर

**वतन:**-जि. नुवाको, साविक चौधोडा ०५हाल चन्द्रगिरी न.पा. गुर्जुधारा बलम्बु

**वर्ष:**- ५५

**पक्राउ मिति :**- २०७९/०५/२१

**भूमिका:**- कमिशन बापतको रकम लिएको ।

६) **नाम:**- राम राज भण्डारी

**वतन:**-का.जि. का.म.न.पा. -११, थापथली

**वर्ष:**- ६०

**पक्राउ मिति :**- २०७९/०५/२१

**भूमिका:**- कमिशन बापतको रकम लिएको ।

**नोट ;**- प्रेम खत्रीले गुठीको रुपमा कायम रहेको रैकरमा परिणत हुने प्रकृयामा रहेको जग्गा भनि सोही जग्गा मोहीहरुसँग बिक्रि गर्ने भनि करारनामा तथा बैना कागज समेत गरेको भनि करारनामा तथा बैना कागज देखाई झुक्काई सस्तो दरमा राम्रो ठाउँमा बिक्रीमा छ, सो जग्गाहरु रैकरमा परिणत गरी जग्गा धनी प्रमाणपुर्जा समेत छिट्टै नै प्राप्त हुन्छ भनि प्रति आना ५,७५,०००/-(पाँच लाख पचहत्तर हजार) का दरले लिने कुरामा सहमत भई राम कुमार थपलिया र गोबिन्द नगरकोटीबाट बैना बापत निज प्रेम खत्रीले रु. १५,००,०००/-(अक्षेरुपी पन्ध्र लाख मात्र) लिई बैना बापतको कागज समेत बनाई ठगी गरेको ।

मिति: २०७९/०६/०२ गते ।

उप-निर्देशक
(कमल थापा)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११